Royal Berkshire NHS
NHS Foundation Trust

# क्षयरोग (TB):

## यु.के.मा नयाँ व्यक्तिहरू निम्ति जानकारी

## यो पर्चा हालैमा यु.के. आइपुगेका व्यक्तिहरूका लागि हो जसले रोयल बर्कशायर अस्पतालमा टीबी क्लिनिकमा जाँच गराउँदैछन्।

## क्षयरोग भनेको के हो (TB)?

क्षयरोग ब्याक्टेरिया (रोगाणु)-द्वारा हुन्छ। यो फोक्सो र लिम्फ ग्ल्याण्ड्समा [lymph glands] सर्वाधिक सामान्य हुन्छ तर यसले शरीरको लगभग सबै अङ्गहरूलाई प्रभावित गर्न सक्छ।

क्षयरोग **सक्रिय** हुन सक्छ जसले गर्दा तपाईंले विसञ्चो अनुभव गर्न सक्नुहुन्छ र यो संक्रामक हुन्छ (एक व्यक्तिबाट अर्कोमा सर्न सक्छ), खोक्दा वा हाच्छिउँ गर्दा हावा मार्फत् सर्छ।

क्षयरोग **लेटेन्ट** ([LATENT] सुप्त अवस्थामा) हुन सक्छ। यसको अर्थ के हो भने तपाईं सञ्चै हुनुहुन्छ र अरूलाई संक्रमण सार्न सक्नुहुन्न। सुप्त क्षयरोग जीवनमा पछि गएर कुनै समय सक्रिय क्षयरोगमा विकसित हुन सक्छ, त्यसैले यस्तो हुन नदिन तपाईंलाई उपचार प्रदान गर्न सकिन्छ। यसको पत्तो रगतको जाँच वा त्वचाको जाँचद्वारा लाग्न सक्दछ।

क्षयरोग उपचारद्वारा निको हुन सक्दछ।

विशेष एन्टिबायोटिकको कोर्सद्वारा उपचार गरिन्छ।

यो निःशुल्क र गोपनीय हुन्छ र यसले तपाईंको यो मुलुकमा बसाईलाई प्रभावित गर्दैन।

## कसलाई क्षयरोग लाग्ने सम्भावना बढी हुन्छ?

क्षयरोग कसैलाई पनि हुन सक्छ तर मानिसहरूका केही समूह अरूहरू भन्दा बढी जोखिममा हुन्छन्:

- क्षयरोग बढी सामान्य रूपमा हुने मुलुकहरू जस्तै दक्षिण-पूर्व एशिया, उप-सहारा अफ्रिकामा जन्मेका वा बसेका मानिसहरू।
- संक्रमण भएको व्यक्तिसँग निजकमा वा लामो समयसम्म बसेकाहरू जस्तै एउटै घरमा बसेका व्यक्तिहरू।
- गरिबी वा घुइँचोमा बस्ने जस्तै घरविहीन वा जेलमा बस्ने मानिसहरू।
- अन्य रोगहरूले ग्रस्त व्यक्तिहरू जस्तै एचआईभी जसले संक्रमण विरूद्ध लड्ने क्षमता कम पार्छन्।
- लागू पदार्थ वा जाँड-रक्सीमाथि निर्भर मानिसहरू।

## मलाई क्षयरोग भएको छ भनेर कसरी थाहा पाउने?

लक्षण र सङ्केतहरूमा सामेल छन्:

- 3 साताभन्दा लामो समयसम्म चल्ने खोकी
- खोक्दा रगत वा कफ (खकार) निस्कनु
- भोक नलाग्नु र वजन घट्नु
- ज्वरो वा राति पसिना आउनु
- सामान्यतः थकाई र विसञ्चो भएको महसूस हुनु
- ग्ल्याण्डसहरू सुन्निनु
- छाति दुख्नु र सास फेर्न गाह्रो हुनु

## क्षयरोगको पत्तो कसरी लाग्छ?

सामान्यतया गरिने जाँचहरूमा तपाईंको पाखुरामा म्यान्टू नामक सानो त्वचाको जाँच वा टि-स्पट नामक रगतको जाँच पर्दछ। तपाईंको छातिको एक्स-रे पनि गर्नु पर्न सक्छ। गर्नु पर्ने जाँचहरू तपाईंको आयु, पुरानो चिकित्सा विवरण र लक्षणहरूमा भर पर्नेछ। सबै जाँचहरू र उपचार निःशुल्क हुन्छ।

हामीले तपाईंको जाँच रोयल बर्कशायर अस्पतालको श्वास सम्बन्धी औषधी विभाग (लेभल 2 दक्षिण ब्लक)-मा [Respiratory Medicine Department] (Level 2 South Block) अथवा न्यूबरी [Newbury] नजिक पश्चिम बर्कशायर सामुदायिक अस्पतालमा [West Berkshire Community Hospital] गर्नेछौँ।

तपाईंलाई विशेषज्ञ नर्स वा डक्टरले जाँच्ने छन् र तपाईंको उपचारकाल भरी तपाईंलाई सहयोग गर्नेछन्।

हाम्रो सानो तर मित्रतापूर्ण टीम छ जसलाई सबै राष्ट्रियताका मानिसहरूको सेवा गर्ने अनुभव छ। तपाईं अस्पतालमा आउँदा हामी दोभाषेहरू उपलब्ध गराउन सक्षम छौँ।

## थप जानकारी

| | |
|---|---|
| www.dh.gov.uk<br>www.tbalert.org<br>www.hpa.org.uk<br>www.thetruthabouttb.org | क्षयरोग नर्स<br>सोझो फोन: 0118 322 8266<br>वा 0118 322 6882 |

RESP_1435
वेस्ट बर्कशायर क्षयरोग सेवा [West Berkshire TB Service], श्वास सम्बन्धी औषधी विभाग [Department of Respiratory Medicine], जून 2013
समीक्षा गरिएको मिति: जुलाई 2017. आगामी समीक्षा मिति: जुलाई 2019